**Invitation for E-Bids**

**छत्रदेव गाउँपालिका**

# गाउँ कार्यपालिकाको कार्यालय

**छत्रगञ्ज, अर्घाखाँची**

## शिलबन्दी बोलपत्र (E-bid) आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७७/०१/१६**

**यस कार्यालय र प्रदेश नं. ५ सरकारको समपुरक अनुदान अन्तर्गत छत्रदेव गाउँपालिका वडा नं ६ मा जनता आवास बहुउद्देश्यीय सामुदायिक भवन निर्माण कार्य गराउनु पर्ने भएकोले नेपाल सरकारबाट ईजाजत प्राप्त निर्माण व्यवसायीहरुबाट निम्न शर्तहरुको अधिनमा रही तपशिलको ठेक्काको लागि शिलबन्दी बोलपत्र आव्हन गरिन्छ।**

१. तपशिलमा उल्लेखित दस्तुर (फिर्ता नहुने) यस कार्यालयको नेपाल बङ्लादेश बैंक छत्रगंज शाखामा रहेको संचित कोष खाता हिसाव नं. ०५५०००० १४१ मा जम्मा गरेको भौचर सहित निर्माण व्यवसायीले व्यवसाय दर्ता प्रमाण पत्र, व्यवसाय नविकरण गरेको इजाजत पत्र, मु.अ. करमा दर्ता प्रमाण पत्रका प्रमाणित प्रतिलिपी र आ.व. ०७५/०७६ को कर चुक्ता प्रमाण-पत्र संलग्न गरी **www.bolpatra.gov.np/egp** बाट यो सुचना प्रथमपटक प्रकाशित मितिले ३१ औं दिन (२०७७/०२/१५) १२:०० बजे सम्म) **E-bid** मार्फत दर्ता गराउनु पर्नेछ।

२. उल्लेखित बोलपत्र सम्बन्धी कागजातमा भर्नुपर्ने सम्पूर्ण पानाहरु भरी दर्ता गर्नुपर्नेछ। दर्ता भएका बोलपत्रहरु दर्ता गर्नुपर्ने अन्तिम दिनको २:०० बजे कार्यालयका प्रतिनिधिहरु र बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहबरमा छत्रदेव गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा खोलिनेछ। बोलपत्रदाता वा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्ने कार्यमा कुनै वाधा पर्ने छैन।

३. बोलपत्र विक्रि तथा दाखिला गर्ने अन्तिम दिन एवं खोलिने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदाको लगत्तै पछि कार्यालय खुलेको दिन सोही बमोजिम हुनेछ।

४. बोलपत्र साथ बोलपत्र जमानत छत्रदेव गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयको नाममा नेपाल बङ्गलादेश बैक छत्रगञ्ज शाखामा रहेको धरौटी खाता हिसाव नं. ०५५००००८४१ मा नगद जम्मा गरेको भौचर वा सो रकम बराबरको नेपाल राष्ट्र बैंकबाट "क" वर्गको मान्यता प्राप्त बैंकबाट छत्रदेव गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको नाममा जारी भएको कार्य प्रयोजन एवं ठेक्का नं. अनिवार्य रुपमा उल्लेख भएको बोलपत्र जमानत (बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिनसम्मको म्याद भएको) पेश गर्नु पर्नेछ। बैंक मार्फत बोलपत्र जमानत पेश गर्नेहरुको हकमा कार्यालयवाट निर्दिष्ट गरिएको वोलपत्र जमानत फारम अनुसार नै पेश भएको मात्र मान्य हुनेछ।

५. बोलपत्र सम्बन्धी अन्य जानकारी लिनु परेमा कार्यालयको फोन नं. ९८५७०६६९७१ मा सम्पर्क गर्न सकिनेछ। साथै प्रि-विड मिटिङ्ग मिति २०७७/०१/३० गते दिनको १:०० बजे यस कार्यालयमा आयोजना गरिने छ।

६. गलत लिखत पेश गरी वा मिलेमतो गरी बोलपत्रमा भाग लिएको पाइएमा त्यस्ता वोलपत्रदाताको वोलपत्र रद्द गरी कालो सुचीमा समावेश गर्न सम्बन्धित निकायमा सिफारिस गरिनेछ।

७. बोलपत्र स्वीकृत गर्ने नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

८. सुचनामा उल्लेख भएकोमा सोही बमोजिम र अन्य कुराहरु सार्वजनिक खरिद ऐन २०६३ (पहिलो संशोधन समेत) तथा सार्वजनिक खरिद नियमावली, २०६४ (पाचौं संशोधन समेत) अनुसार हुनेछ।

९. बोलपत्र खरिद वा दर्ता गर्ने फर्महरुले निर्माण स्थल र कामको सम्बन्धमा राम्ररी बुझी बोलपत्र भरेको मानिनेछ।

१०. बोलपत्र बिड डकुमेन्ट, स्पेशिफिकेशन, परिमाणको मूल्यपत्र, सूचना तथा ठेक्का सम्बन्धी अन्य कुनै डकुमेन्टमा (भाषागत समेत) त्रुटी भएमा वा विषय प्रसंगले अन्य अर्थ लागेमा कार्यालयले कुनै पनि बेला सच्याउन बाधा पर्ने छैन। सच्याउनु पर्ने भएमा सोको सुचना यस कार्यालयको सुचना पाटीमा राखिने छ।

११. बोलपत्र सिंगल फर्म वा ज्वाइन्ट भेन्चरमा बढीमा ३ (तीन) वटा फर्महरु सम्ममा पेश गर्न सकिनेछ।

१२. सम्झौता बमोजिमको रकमको ३३.३४ प्रतिशत रकम आ.व. ०७६/७७ र बाँकी रकम आ.व. ०७७/७८ मा भुक्तानी हुनेछ।

१२. कामको विस्तृत विवरण BoQसाथ संलग्न छ।

**तपशिलः**

| ठेक्का नं. | योजनाको नाम | ल.ई. रकम (मु.अ.कर र कन्टेन्जेन्सी बाहेक) | बोलपत्रको जमानत रु. | बोलपत्रको दस्तुर रु. |
|---|---|---|---|---|
| CRM/W/NCB/ARG/18/076/77 | जनता आवास बहुउद्देश्यीय सामुदायिक भवन निर्माण कार्य, वडा नं. ६ | ८७,७०,०२७।६० | २,४६,०००।०० | ३,०००।०० |